# उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७

नेपाल राजपत्रमा प्रकाशित मिति

**संशोधन** २०१९।२।१

उमेर, नाम र जात सच्याउने (संशोधन) नियमहरू, २०१९ २०२०।२।१३

उमेर, नाम र जात सच्याउने (दोस्रो संशोधन) नियमहरू, २०७० २०७०।१।३०

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "उमेर, नाम र जात सच्याउने नियमहरू, २०१७" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा,-

(क) "विद्यार्थी" भन्नाले नेपाल सरकार शिक्षा विभागद्वारा सञ्चालित कुनै परीक्षामा उत्तीर्ण भएको व्यक्ति सम्झनु पर्छ ।

(ख) "प्रमाणपत्र" भन्नाले शैक्षिक योग्यता सम्बन्धी निस्सा सम्झनु पर्छ ।

(ग) "प्रमुख जिल्ला अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई समेत जनाउँछ ।

३. **उमेर, नाम र जात सच्याउने दरखास्त दिनु पर्ने** : (१) कुनै व्यक्तिले आफ्नो प्रमाणपत्रमा रहेका उमेर नाम वा जात सच्याउन चाहेमा ने.रु. १।- वा त्यति मोल पर्ने टिकट टाँसी आफ्नो भएको व्यहोरा लेखी प्रमुख जिल्ला अधिकारी छेउ दरखास्त दिनु पर्छ ।

(२) उपनियम (१) बमोजिम दरखास्त परेपछि अञ्चलाधीशले/प्रमुख जिल्ला अधिकारीले निजसँग भएको सबूद प्रमाण र आवश्यकतानुसार साक्षी सरजमीन समेत बुझी ठाडो फैसला गर्नेछ र त्यस्तो निर्णय अन्तिम हुनेछ ।

नेपाल कानून आयोग

४. **परीक्षा नियन्त्रकले प्रमाणपत्र सच्याउन लगाउने र दस्तुर लिने** : (१) उमेर, नाम वा जात सच्याउने गरी फैसला भएकोमा प्रमुख जिल्ला अधिकारीले परीक्षा नियन्त्रकलाई त्यसको सूचना र फैसलाको नक्कल अविलम्ब पठाई दिनेछ र परीक्षा नियन्त्रकले उक्त जनाउ र फैसला बमोजिम सम्बन्धित व्यक्तिको प्रमाणपत्र र शिक्षालयमा रहेको रेकर्डमा नाम, जात वा उमेर सच्याउन लगाउनेछ ।

(२) शिक्षा विभागबाट तोकिएको दस्तुर लिई नाम, जात वा उमेर सच्याइएको नयाँ प्रमाणपत्र परीक्षा नियन्त्रकले सम्बन्धित व्यक्तिलाई दिनेछ र पुरानो प्रमाणपत्र उक्त व्यक्तिसंग खिची लिनेछ ।

५. **अदालत सरह अधिकार** : नियम ३ को उपनियम (२) बमोजिमको अधिकारको प्रयोगको लागि आवश्यक भएमा समन जारी गर्न, साक्षीहरू उपस्थित गराउन, लिखतहरू पेश गराउन, प्रमाण र सरजमीनहरू बुझ्न प्रमुख जिल्ला अधिकारीलाई नेपाल कानुन बमोजिम 🕮जिल्ला अदालतलाई भए सरहको अधिकार हुनेछ ।

६. **दरखास्त दिने म्यादः** (१) यस नियम अन्तर्गत उमेर, नाम वा जात सच्याई माग्नेले आफ्नो नाम, जात र उमेर उल्लेख भएको प्रमाणपत्र पाएका मितिले ६ महीनाभित्र उक्त कुरा सच्याई पाउनको लागि दरखास्त दिनु पर्छ ।

♣(२) उपनियम (१) मा जेसुकै लेखिएको भए तापनि उक्त उपनियममा तोकिएको म्याद भन्दा अघि प्रमाणपत्र पाएका व्यक्तिहरूले आफ्नो नाम, जात वा उमेर सच्याउन चाहेमा यी संशोधनहरू नेपाल राजपत्रमा प्रकाशित भएको दुई वर्ष भित्र सच्याई पाउनको लागि दरखास्त दिन सक्नेछन् ।

♣७. **सरकारी कर्मचारीहरूले पनि आफ्नो सम्बन्धमा** : यो नियम बमोजिम सरकारी कर्मचारीहरूले पनि आफ्नो प्रमाणपत्रमा उमेर, नाम र जात सच्याउन पाउने छन् ।

---

🕮 दोस्रो संशोधनद्वारा संशोधित ।

♣ उमेर, नाम र जात सच्याउने (संशोधन) नियमहरू, २०१९ द्वारा संशोधित ।

**द्रष्टव्य** : १. न्याय प्रशासन (विविध व्यवस्था) (संशोधन) ऐन २०२१ द्वारा रूपान्तर भएका शब्दहरू :
"इलाका अदालत" को सट्टा जिल्ला अदालत ।

२. स्थानीय प्रशासन ऐन, २०२२ द्वारा रूपान्तर भएका शब्दहरू :

३. केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरू :
"गजेट" को सट्टा "राजपत्र" ।

तर, मूल नियम लागू भएको मिति भन्दा अघि खडा भएको सिटरोलमा यो नियम बमोजिम सचिएको प्रमाणपत्रको आधारमा उमेर सच्याउन पाउने छैन ।

नेपाल कानून आयोग

४. केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रूपान्तर भएका शब्दहरू:-
"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

५. दोस्रो संशोधनद्वारा रुपान्तर भएका शब्दहरु :
"मेजिष्ट्रट" र "बडाहाकिम" को सट्टा "अञ्चलाधीश" ।
"अञ्चलाधीश" को सट्टा "प्रमुख जिल्ला अधिकारी" ।